**अनुसूची- २**

(दफा ४तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

बढैयाताल गाउँपालिका

# बढैयाताल गाँउपालिकाको राजपत्र

खण्डः ख संख्याः २२ प्रमाणीकरण मितिः २०७६/११/२८

**भाग-१**

**बढैयाताल गाउँपालिका**

**२०७५ सालको कार्यबिधि नं.२२**

## मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण स्थानीय समिति (गठन तथा परिचालन) कार्यविधि, २०७६

**१, परिचयः**

मानव बेचबिखन तथा ओसारपसार कार्य (नियन्त्रण) ऐन २०६४ जुन बिशेष ऐनको रुपमा रहेको छ। यस बिशेष ऐन लाई प्रभावकारी कार्यान्वयन गर्नका लागि निर्मित नियमावली २०६५को धारा २३ र मानव

बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका २०६५ अनुसार मानव बेचबिखन तथा ओसारपसार लाई नियन्त्रण गर्नका लागि केन्द्र देखि स्थानिय तह सम्म समितीहरु गठन तथा परिचालन गर्ने ब्यवस्था गरेको छ । यसै ऐन र नियमावलि तथा निदेर्शिका अनुसार बिगतमा केन्दिय समिति,जिल्ला समिती र स्थानिय समितीहरु गठन तथा परिचालन गरि रोकथाम ,संरक्षण, अभियोजन लगाएतका कार्य गर्दै आएको छ । यसै क्रममा समन्वय र सहकार्यलाई पनि उच्च प्राथमिकताका साथ मानव बेचबिखन तथा ओसार पसारलाई नियन्त्रण गर्ने विविध कार्यहरु गरिरहेको छ । यसै अनुसार मानव बेचबिखन विरूद्धको जिल्ला समिति गठन भएको र सोही नियमावलीको नियम७ (जिल्ला समितिको काम, कर्तव्य र अधिकार) उपनियम १ (ख) मा व्यवस्था भए अनुसार स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी समितिहरूको गठनमा एक रूपता ल्याउन तथा परिचालन गर्ने प्रयोजनका लागि कार्यविधिको आवश्यकतालाई मनन गर्दै यस बढैयाताल गाँउपालिकामा समितिको गठन तथा काम, कर्तव्य र अधिकार निर्धारणका लागि यो कार्यविधि तयार पारिएको हो ।

नेपालको संबिधान २०७२ को भाग ३ को धारा २९ मा उल्लेखित शोषण बिरुद्धको हकको उपधारा ३ मा कसैलाई पनि बेचबिखन गर्न, दास वा बाधा बनाउन पाइने छैन र कसैलाई पनि निजको इच्क्षा बिपरित काममा लगाउन पाइने छैन भनि स्पष्ट उल्लेख गरिएको छ । साथै संघिय राज्यको ब्यवस्था मुताविक स्थानिय सरकार संचालन ऐन २०७४ अर्न्तगत स्थानिय तह संचालन हुदै आइ रहेका छन । उक्त ऐनको दफा १४ मा स्थानिय सरकारले विभिन्न विषयगत समिती उपसमितीहरुको गठन गर्नसक्ने ब्यवस्था गरे मुताविक यस बढैयाताल गाँउपालिकामा मानव बेचबिखन तथा ओसारपसार  नियन्त्रण स्थानिय समिती गठन गरिने छ।

**२, समितीको नामः** मानव बेचबिखन तथा ओसारपसार  नियन्त्रण पालिका स्तरिय  समिती

**३, समितिको गठन प्रक्रियाः**

***३ (१) मानव बेचबिखन विरूद्धको स्थानीय समितिको गठन यस प्रकार हुनेछ ,***

पालिकाको आयोजनामा स्थानीय महिला समूह, लैङ्गिक हिंसा निवारणको लागि निगरानी समूह, गाँउ बाल सन्जाल, गाँउ बाल संरक्षण समिति, स्थानीय पत्रकार, समाजसेवी, विभिन्न संघ संस्था, स्वास्थ्य स्वयम्सेविका तथा स्थानिय विद्यालयका शिक्षक शिक्षिका,स्थानिय प्रहरी आदिको उपस्थितीमा पालिका स्तरीय भेला गर्ने । उक्त भेला पालिकाको प्रमुखको अध्यक्षतामा बस्ने छ । सोही भेलाले देहायका प्रतिनिधिहरूको मनोनयन गरी स्थानीय ं समिति गठन गर्नेछ ।

१.संयोजक पालिकाका प्रमुख ........................................................................१

२. सदस्य  न्यायीक समितिका संयोजक...............................................................१

३.सदस्य पालिकाका सामाजिक बिकास समितिका संयोजक ............................................१

४.सदस्य गाँउ कार्यपालिकाका महिला सदस्य दलित , अल्पसंख्यक मध्ये बाट ………………२

५.सदस्य स्थानिय प्रहरी कार्यालयका प्रमुख ……………………………………………………१

६.सदस्य स्थानिय विद्यालयका प्र. अ. वा निजले तोकेको शिक्षक ………………………………१

७. सदस्य बाल अधिकार समितिका सकृय सदस्य …………………………………………………१

८. सदस्य पालिकाका प्रेस सल्लाहाकार / पत्रकार मध्येबाट……………………………………१

९ .सदस्य पालिकाका कानुनी सल्लाकार ……………………………………………………………१

१०. सदस्य गाँउ वाल क्लब संजालका अध्यक्ष………………………………………………………१

११. सदस्य मावनबेचबिखनका बिरुद्ध कार्यरत स्थानिय गै. स. स. का प्रमुख तथा प्रतिनिधी…..३

१२. सदस्य मानवबेचबिखनबाट पिडत प्रभावित वा मानव बेचबिखन बिरुद्ध कार्यरत महिला….१

१३ .सदस्य गाँउ किशोरी संजालका अध्यक्ष ……………………………………………………१

१४. सदस्य गाँउपालिका स्वास्थ्य शाखा प्रमुख ………………………………………………………१

१५. सदस्य गाँउपालिका भित्रका महिला सहकारी संस्था वा निगरानी समुहका प्रतिनिधि ……..१

१६. सदस्य-सचिव पालिकाको महिला, बालबालिका तथा जेष्ठनागरीक विकास शाखाका प्रमुख…१

**जम्मा १९ सदस्य**

**४, समितिको काम, कर्तव्य र अधिकारः**

***४.१ समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।***

- सम्बन्धित पालिकामा मानव बेचबिखन तथा ओसारपसारका जोखिममा रहेका तथा रहन सक्ने समुदाय तथा ब्यक्तिको अभिलेख राख्ने र निरन्तर अध्यावधि गर्ने ।
- स्थानिय श्रमबजारमा कार्यरत श्रमिकहरुको ( उद्योग, कलकारखाना, होटेल खाजाघर तथा घरेलु श्रमिक) श्रम ऐन अन्तरगत अधिकार सुनिश्चित गर्न निति तथा कार्यक्रम निर्माण गर्ने ।
- मानव बेचखिन तथा ओसारपसार ऐन तथा नियमावली बमोजिम मानव बेचबिखन तथा ओसारपसार विरूद्ध रोकथाम, उद्धार,संरक्षण, पुर्नस्थापना,कानुनी सेवा र पिडीत तथा प्रभावितहरुको आत्मसम्मान पुर्वक पुनरमिलन सम्बन्धि निती तथा कार्यक्रमहरु बनाइ प्रभावकारी कार्यान्वयनको लागि पहल गर्ने ।

- ऐन नियममा व्यवस्था भए अनुरुप स्थानिय स्तरका पुनर्स्थापना केन्द्र संचालन गर्ने सोको अनुगमन र  आवश्यकता अनुसार सहयोग गर्ने ।
- उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने आधिकारिक कागजात नभएमा त्यस्ता कागजात बनाउनका लागि सम्बधित निकायमा सिफारिस गर्ने ।
- पिडीत तथा प्रभावितलाई सहज र सुलभ सेवा प्रदान गर्नाका लागि जिल्ला तथा स्थानिय स्तरमा रहेका सरकारी तथा गैरसरकारी निकायका सेवाप्रदायी निकायहरु संग समन्वय सहकार्य गर्ने र सिफारिस प्रणालिलाई चुस्त दुरुस्त राख्ने ।
- स्थानिय स्तरको आवश्यकता एवंम माथिल्लो समितिले बनाएको नीति र योजना अन्तर्गत रही कार्यक्रमको कार्यान्वयन गर्ने ।
- मानव बेचबिखन तथा ओसारपसारका बिरूद्ध स्थानीय स्तरमा कार्यरत संघ संस्था र निजि क्षेत्र बीच समन्वय सहकार्य गरि आयमूलक ,शिपमुलक तथा रोजगार मुलक कार्यक्रम संचालन र अनुगमन गर्ने ।
- मानव बेचबिखन तथा ओसारपसार सँग सम्वन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र प्रत्येक ३ महिनामा सो सम्वन्धि प्रतिवेदन सम्बन्धित निकायमा पठाउने,
- स्थानीय संघ संस्थासँग समन्वय गरी बेचबिखन प्रभावितका लागि सहायता कोष स्थापना तथा सञ्चालन गर्ने ।
- मानव बेचबिखन तथा ओसारपसार ऐन, श्रम ऐन, बैदेशिक रोजगार ऐन र स्थानिय सरकार संचालन ऐनमा व्यवस्था भए अनुसारका संरचना तथा समितीको निर्माण तथा प्रभावकारी अनुगमनको लागी संयन्त्र निर्माण गरि कार्यान्वयन गर्ने ।
- मानव बेचबिखन तथा ओसार पसार नियन्त्रणका लागि वडा स्तरिय समिती निर्माण गरि कार्य गर्न पहल गर्ने ।
- पालिकाका वडाहरुमा स्थानिय समितिहरु देहाय बमोजिम रहने गरि गठन तथा परिचालन गर्ने

५, ***मानव बेचबिखन विरूद्धको वडा स्तरिय  समितिको गठन यस प्रकार हुने छ ।***

१.संयोजक वडा अध्यक्ष..........................................................................१

२.वडाका महिला सदस्य ......................................................................१

३.स्थानिय प्रहरी प्रमुख...........................................................................१

४.वडाका विद्यालयका प्र. अ. वा निजले तोकेको शिक्षक ..........................................१

५. वडा बाल अधिकार समितीका सकृय सदस्य ..............................................१

६. स्थानिय पत्रकार.......................................................................................१

७. वडा वाल क्लब संजालका प्रतिनिधी.........................................................१

८.मावन बेचबिखनका बिरुद्ध कार्यरत स्थानिय गै. स. स. का प्रमुख तथा प्रतिनिधी ............२

९.मानव बेचबिखन बाट पिडीत प्रभावित वा मानव बेचबिखन बिरुद्ध कार्यरत महिला ...........१

१०. वडा किशोरी संजालका प्रतिनिधि ..........................................................१

११. वडाका  स्वास्थ्य स्वयमं सेविका  .........................................................१

१२. वडा भित्रका महिला सहकारी संस्था वा निगरानि समुहका प्रतिनिधि ............................१

१३. वडा सचिव सदस्य सचिव............................................................................१

**६, बैठक सम्बन्धि कार्यविधी :**

१. स्थानीय समितिको बैठक त्रैमासिक रुपमा निरन्तर तथा  आवश्यकताअनुसार संयोजकले तोकेको मिति, स्थान र समयमा बस्ने छ ।

२. कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा स्थानीय समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिने छ ।

३. बैठकको अध्यक्षता समितिका संयोजक र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्ये वरिष्ठ सदस्यले गर्नेछ ।

४. बैठक सम्वन्धी अन्य कार्यविधि स्थानिय  समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**यस कार्यबिधिमा उल्लेख गरिएका व्यवस्थामा थप संघिय सरकार र प्रादेशिक सरकार समेतले कुनै निति नियम निमार्ण गरि यस सम्बन्धमा कुनै कुरा व्यवस्था गरेमा सोही अनुरुप हुने छ ।**



............

(प्रमाणिकरण गर्ने )

नाम :- श्री लाल बहादुर श्रेष्ठ

पद :- अध्यक्ष

बढैयाताल गाउँपालिका कार्यालय,

मैनापोखर ( बर्दिया )

५ नं. प्रदेश, नेपाल